# वैठक नं २

मितिः २०७५/०५/०६ गते महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंमा बसेको समन्वय समितिको वैठकले उच्च सरकारी वकील कार्यालय तहमा समन्वय समितिको स्थापना गरी अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ समन्वय समिति गठन भएकोमा उक्त समितिको वैठक २०७ ७/३/२१ गते आईतबार, उच्च सरकारी वकील कार्यालय, जुम्लामा बसी देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति

श्री पुण्यप्रसाद पाठक, निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्ला : संयोजक

श्री ओमप्रकाश देवकोटा, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जुम्लाः सदस्य

श्री लालबहादुर धामी, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जुम्लाः सदस्य(प्रतिनिधि, श्री संघीय प्रहरी इकाई कार्यालय, सुर्खेत)

श्री नगेन्द्र लम्साल, सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जुम्ला, सदस्य सचिव

आमन्त्रितः

श्री रामकृष्ण पाण्डे, खरिदार, मुद्दा शाखा, जिल्ला प्रशासन कार्यालय, जुम्ला

**छलफलका विषयहरू**

१) सवारी ज्यान मुद्दामा तयार गरिने सडक दुर्घटना प्रतिवेदन र सवारी साधनको मेकानिकल चेकजाँच प्रतिवेदन सम्बन्धमा ।

२) प्रहरी हिरासत कक्षमा रहेका थुनुवाहरूलाई भेटघाट गर्न छुट्टै डेस्कको प्रबन्ध गर्ने सम्बन्धमा ।

३) मुद्दाको अनुसन्धान र अभियोजन प्रभावकारी बनाउन सरकारी वकील र अनुसन्धान अधिकृतबीच वैठक आयोजना सम्बन्धमा ।

४) सरकारवादी मुद्दाको विषयमा जनस्तरमा सचेतना गराउन समुदायमा सरकारी वकील कार्यक्रम र समुदाय प्रहरी साझेदारी कार्यक्रम लगायतका अन्य कार्यक्रमहरू संयुक्त रूपमा आयोजना गर्ने सम्बन्धमा ।

५) अनुसन्धान र अभियोजनमा खुलाउनुपर्ने विषयहरूमा सम्बन्धमा ।

६) उच्च सरकारी वकील कार्यालय जुम्लाको आ.व. ०७७।०७८ को वार्षिक कार्य योजनाको मस्यौदा सम्बन्धमा ।

७) कारागार कार्यालय हुम्लामा थुनुवा/कैदी गृह व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरूः**

१) वुँदा नं १ का सम्बन्धमा छलफल गर्दा प्रहरीबाट अनुसन्धान गरिने सवारी ज्यान मुद्दामा तयार गरिने सडक दुर्घटना प्रतिवेदन र सवारी साधनको मेकानिकल चेकजाँच प्रतिवेदनहरू उच्च सरकारी वकील कार्यालय, जुम्ला अन्तर्गतका मातहत कार्यालयहरू जिल्ला सरकारी वकील कार्यालय कालिकोट, जिल्ला सरकारी वकील कार्यालय डोल्पा र जिल्ला सरकारी वकील कार्यालय जुम्लाबाट प्राप्त मिसिलहरूमा एकरूपता नदेखिएकोले उक्त प्रतिवेदनहरूको ढाँचामा एकरूपता कायम गर्ने सम्बन्धमा संघीय प्रहरी ईकाई कार्यालय, सुर्खेतले मातहत प्रहरी कार्यालयहरूमा आवश्यक समन्वय गर्ने । प्रहरी प्रधान कार्यालय, ट्राफिक निर्देशनालयबाट तयार गरिएको सवारी दुर्घट्ना प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी सवारी तथा यातायात ब्यवस्था नियमावली, २०५४ को अनुसूचीमा राख्ने तथा सवारी साधनको मेकानिकल चेकजाँच प्रतिवेदनको निश्चित ढाँचा तयार गरी सो समेत उक्त नियमावलीमा समावेश गर्न उपर्युक्त देखिएको हुँदा सो को लागी महान्यायाधिवक्ताको कार्यालयमा रहेको समन्वय समितिको सचिवालयमा र प्रहरी प्रधान कार्यालयमा अनुरोध गर्ने ।

२) वुँदा नं २ का सम्बन्धमा छलफल गर्दा प्रहरी हिरासत कक्षमा रहेका थुनुवाहरूलाई भेटघाट गर्न आउने आफन्त र कानुन व्यवसायीहरूलाई भेटघाटको सहज प्रबन्ध गर्नका लागि जिल्ला प्रहरी कार्यालयहरू डोल्पा, कालिकोट, जुम्ला, हुम्ला र मुगुमा छुट्टै भेटघाट डेस्क स्थापनाका लागि आवश्यक ब्यवस्था गर्न सम्भव भएसम्म सम्बन्धित प्रहरी कार्यालयहरूबाट ब्यवस्था गर्ने र तत्काल छुट्टै डेस्क निर्माण गर्न सम्भव नभएमा आवश्यक संरचनाको पूर्वाधार निर्माणका लागि पहल गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयमा रहेको समन्वय समितिको सचिवालयमा र प्रहरी प्रधान कार्यालयमा अनुरोध गर्ने ।

३) वुँदा नं ३ का सम्बन्धमा छलफल गर्दा मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरे अनुसार अनुसन्धान अधिकृत र सरकारी वकीलबीच मुद्दाको अभियोजन र अनुसन्धानलाई प्रभावकारी बनाउने विषयमा छलफल कार्यक्रम अनिवार्य रूपमा आगामी आ.व. देखि उच्च सरकारी वकील कार्यालय, जुम्ला अन्तर्गतका जिल्ला सरकारी वकील कार्यालयहरूले सरकारवादी मुद्दाको अनुसन्धान गर्ने प्रहरी, वन र निकुञ्ज लगायतका सरकारी निकायहरूसँग समन्वय गरी वैठक आयोजना गरी उक्त वैठकको माइन्युट उच्च सरकारी वकील कार्यालय, जुम्लामा पठाउने । यस सम्बन्धमा मातहतका सरकारी वकील कार्यालयहरूलाई उच्च सरकारी वकील कार्यालय, जुम्ला र सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरूलाई संघीय प्रहरी इकाई कार्यालय, सुर्खेतले समन्वय गर्ने ।

४) वुँदा नं ४ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको योजना, अनुसन्धान तथा अनुगमन विभागको च.नं. ४५९०, मितिः २०७६।७।२९ को पत्रानुसार

२०७६ मंसिर ४ गते समुदायमा सरकारी वकील र प्रहरी साझेदारी कार्यक्रम आयोजना गर्ने सम्बन्धमा उल्लेख भए अनुसार देशभरका सरकारी वकील कार्यालय र प्रहरी कार्यालयहरूले संयुक्त रूपमा कार्यक्रम आयोजना गरेकोमा समुदाय स्तरमा सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनका सम्बन्धमा सचेतना जगाउने विषयमा वार्षिक कार्ययोजना अनुसार आ.व. ०७७।०७८ मा उच्च सरकारी वकील कार्यालय, जुम्ला मातहतका जिल्ला सरकारी वकील कार्यालयहरू र सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरूले सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धी कारबाही प्रकृयाका बारेमा समुदायस्तरमा संयुक्त रूपमा सचेतना सम्बन्धी कार्यक्रम आयोजना गर्न र सो को प्रतिवेदन उच्च सरकारी वकील कार्यालय, जुम्ला, महान्यायाधिवक्ताको कार्यालय र माथिल्लो निकायको प्रहरी कार्यालयहरूमा पठाउने ब्यवस्था गर्ने सम्बन्धमा सम्बन्धित सरकारी वकील र प्रहरी कार्यालयलाई निर्देशन दिने ।

५) बुँदा नं ५ का सम्बन्धमा छलफल गर्दा अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन पीडित र अभियुक्तको उमेर खुलाउने प्रमाण कागजातहरू मिसिल संलग्न गर्ने । पीडित, जाहेरवाला र अभियुक्तको अनिवार्य रूपमा परिचय, ठेगाना र उमेर खुल्ने नागरिकता लगायत नेपाल सरकारद्वारा जारी परिचय पत्रको प्रतिलिपी मिसिलमा संलग्न गर्ने । परिचय पत्र उपलब्ध हुन नसक्ने अवस्था भएमा जाहेरवाला, पीडित र प्रतिवादीको सम्बन्धित स्थानीय तहसँग समन्वय गरी परिचय, उमेर र ठेगाना खुल्ने विवरण संलग्न गर्ने सम्बन्धमा उच्च सरकारी वकील कार्यालय, जुम्ला अन्तर्गतका सरकारी वकील कार्यालयहरू र सम्बन्धित प्रहरी कार्यालयहरूलाई निर्देशन दिने । महान्यायाधिवक्ताको कार्यालयको च.नं. ११०१, मितिः२०७६।११।८ को परिपत्र अनुसार सरकारी वकील कार्यालयबाट पेश गरिने अभियोग पत्रमा अनिवार्य रूपमा प्रतिवादीको ठेगानाको अतिरिक्त नागरिकता नं, जारी जिल्ला र जारी मिति समेत उल्लेख गर्नु हुन भनी पत्राचार भएकोमा सोही बमोजिम अभियोग पत्रमा खुलाउन उच्च सरकारी वकील कार्यालय, जुम्ला अन्तर्गतका सरकारी वकील कार्यालयहरूलाई निर्देशन दिने । चिकित्सक, स्वास्थ्यकर्मी र सम्बन्धित विज्ञबाट लेखिने भौतिक प्रमाण परिक्षण प्रतिवेदनहरूमा स्पष्ट बुझिने गरी नेपाली र अँग्रेजी दुवै भाषामा विवरण खुलाउन सम्बन्धित निकायलाई जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरूले पहल र समन्वय गर्ने ।

६) बुँदा नं ६ का सम्बन्धमा छलफल गर्दा उच्च सरकारी वकील कार्यालय जुम्लाको आ.व. ०७७।०७८ को वार्षिक कार्य योजनाको मस्यौदामा मुद्दाको अनुसन्धान, अभियोजन र सरकारवादी मुद्दाको कारबाही प्रकृया लगायत पीडितको अधिकार, शंकितको अधिकार, साक्षी संरक्षण लगायत वार्षिक कार्ययोजनामा उल्लेख भएका विषयहरूको कार्यक्रम आयोजना र कार्यान्वयन गर्न समन्वय समितिमा रहेका कार्यालयहरूले उच्च सरकारी वकील कार्यालय, जुम्लालाई समन्वय र सहयोग गर्ने ।

७) वुँदा नं ७ का सम्बन्धमा छलफल गर्दा जिल्ला तहको समन्वय समिति हुम्लाको मितिः२०७६।११।१९ गते बसेको वैठकको निर्णय नं ४ मा हुम्ला जिल्लामा कारागार कार्यालय रहेता पनि थुनुवा/कैदी गृह नभएकाले जिल्ला प्रहरी कार्यालय, हुम्लाको हिरासत कक्ष समेतको प्रयोग गरी थुनुवा/कैदी राख्ने कार्य गरी ब्यवस्थापन भई रहेको भनी उल्लेख भएकोले कारागार कार्यालय, हुम्ला अन्तर्गत थुनुवा/कैदी गृह स्थापनाका लागि आवश्यक पहल गर्न महान्यायाधिवक्ताको कार्यालयमा रहेको समन्वय समितिको सचिवालयमा जानकारी गराउने निर्णय गरियो ।